# राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावना :

विश्व महामारीको रुपमा फैलिएको COVID 19 (कोरोना भाइरस)वाट नेपाल पनि प्रभावित हुन पुगेको छ । यस महा विपत्तीको संक्रमणवाट उत्पन्न खतराप्रति नागरिकहरुलाई सचेत गराउँदै यसवाट उन्मुक्ति पाउनका लागि संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारवाट हर संभव प्रयासहरु भइ रहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका सबै मुलुक सहित हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि लक डाउनको अवस्थामा छ । यस विषम परिस्थितिमा दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि राहत वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी थाहा नगरपालिकानगरकार्यपालिकाले यो राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम राहत सामग्री वितरण सम्वन्धी कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कार्यविधि भन्नाले थाहा नगरपालिकाको राहत सामग्री वितरण सम्वन्धी कार्यविधि २०७६ सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले थाहा नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगर कार्यपालिका" भन्नाले थाहा नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "प्रमुख"भन्नाले थाहा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ.) "उपप्रमुख"भन्नाले थाहा नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ.) वडा कार्यालय भन्नाले थाहा नगरपालिकाका वडा कार्यालयहरुलाइ संम्झनु पर्दछ ।

(ज) टोल विकास संस्था भन्नाले थाहा नगरपालिका मातहत गठन भएका टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

३.उद्देश्य:

यस कार्यविधिको उद्देश्य COVID 19 (कोरोना भाइरस) को नियन्त्रणका लागि थाहा नगरपालिका क्षेत्रभित्र दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि व्यवस्थित तवरले राहत वितरण गर्नु रहेको छ ।

२०७६।१२।२९

४. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति

(१) नगर तहमा राहत वितरण कार्यको समन्वय गर्न देहाय अनुसारको राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति रहने छ :

(क) नगर प्रमुख : अध्यक्ष

(ख).उपप्रमुख : सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक : सदस्य

(ङ) विपद व्यवस्थापन सम्पर्क व्यक्ति : सदस्य सचिव

५. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको काम कर्तव्य र अधिकार:

(क) प्रभावित अति विपन्न र अशक्त परिवारहरुका लगत वडा मार्फत संकलन गर्न लगाउने ।

(ख) परिस्थिति र आवश्यकता अनुसार राहतको मात्रा (प्याकेज) तय गर्ने, खरिद गर्ने ।

(ग) राहत सामग्री वितरण एवं व्यवस्थापनको जिम्मेवारी तोक्ने ।

(घ) राहत सामग्री वितरण एवं व्यवस्थापनको अनुगमन गर्ने वा गराउने ।

(ङ) राहत सामग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

(च) राहत वितरण सम्बन्धी गुनासो तथा उजुरी सुन्ने तथा गुनासो तथा उजुरी व्यवस्थापन गर्ने ।

(छ) वितरीत राहत सामाग्रीको आवश्यक वडा तथा नगरपालिकाको प्रतिवेदन तयार गर्ने ।

(ज) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

६. राहत संकलन तथा वितरण व्यवस्थापन :

(१) नगरस्तरमा राहत सहयोग संकलन तथा वितरण कार्य नगर समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

(२) वडा स्तरमा राहत संकलन तथा वितरणका लागि सम्बन्धित वडाको वडा अध्यक्षले संयोजन गर्ने गरी देहाय बमोजिम गरिनेछ :

(क) आफ्नो वडाभित्र रहेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका र लक डाउनको कारण दैनिक ज्यालादारी काम गर्न नपाएकोले दैनिक जीवनयापन गर्न कठिनाई भएका घर परिवारको विवरण सम्बन्धित व्यक्तिले वा टोल विकास संस्था, बजारव्यवस्थापन समिति,स्थानिय युवा समुह/क्लवहरु मार्फत अनुसूची १ बमोजिमको निवेदन लिई संकलन गर्ने र नगरपालिकाको कारोना रोकथाम तथा नियन्त्रण सचिवालयको निर्णयानुसार तोकिएको वडाको क्लस्टरका संयोजक वडा प्रतिनिधी मार्फत प्राप्त निवेदन उपर सिफारीस गर्नुपर्दछ ।

(ख) संकलित विवरणलाई वडा अध्यक्षले देहायका आधारमा एकिन गरी प्रमाणित गर्ने र नगरपालिकामा अनुसुची ३ बमोजिम विवरण तयार गरी पठाउने ।

देहायः

१) दैनिक ज्यालामा औधोगिक, कृषि वा कुनै व्यापारिक प्रतिष्ठानमा कार्यरत नगरको स्थायी वा अस्थायी वासिन्दा,

२) भुमिहिन वा आम्दानीको स्रोत ज्याला बाहेक अन्य नभएको,

३) घरवार विहिन,

४) दैनिक आय गर्ने व्यक्तिको बन्दाबन्दी वा रोग संक्रमणका कारणले गर्दा उपस्थिती नहुँदा निजमा आश्रीत परिवार ।

५) ठेकेदारले कामका लागि ल्याएको अन्यत्रबाट आएका अलपत्र मजदुर ।

६) तत्कालै प्राकृतीक प्रकोपमा परि पुनःस्थापना भई नसकेको परिवार ।

७) समन्वय समितिले तोकेका अन्य सम्बन्धीत लाभग्राहीहरु ।

(ग) अति अशक्त, अपाङ्ग, दृष्टिविहिन लगायत सामुहिक रुपमा आवास व्यवस्था मिलाई खानपिनको व्यवस्था गरेका संघ संस्थाहरु र तिनले हाल उक्त सेवा प्रदान गरिरहेका व्यक्तिहरुको विवरण संघ संस्था मार्फत लिने ।

(घ) सहयोग गर्न चाहने दाताहरुसँग समन्वय गर्ने र सम्पर्क गराउने र नगरपालिकाले दाता मार्फत नगद वा जिन्सी संकलन गर्ने र सोको परिमाण सहित विवरण राख्ने ।

(ङ) खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेका र हाल दैनिक गुजारा चलाउन कठिनाई परि सहयोग चाहिने व्यक्ती तथा परिवारको हकमा राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिले तय गरे बमोजिमको दरले राहत वितरण सम्बन्धित लाभग्राहीलाई बुझाई अनुसूची २ र २ (क) बमोजिमको ढाचामा भरपाई गराई बुझाउने व्यवस्था मिलाई सोको जानकारी नगर समन्वय समितिमा पठाउने व्यवस्था गर्ने ।

(च) खण्ड (ग) बमोजिमका असहाय संघसंस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले संख्या एकिन गरी राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिले तय गरे बमोजिमको दरले राहत वितरण गरी संस्थागत भरपाई गराई वितरण गरी अनुसूची २ (क) बमोजिम सोको जानकारी नगर समन्वय समिति पठाउने व्यवस्था गर्ने ।

(छ) वडा तहमा राहत संकलन तथा वितरण कार्यको समन्वय तथा सहजिकरण गर्ने कार्य विपद् व्यवस्थापन ऐनको दफा ६ बमोजिम गठित वडा स्तरिय विपद् व्यवस्थापन समितिको बैठक राखी प्रारम्भ गर्ने । राहत वितरण वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य र सम्बन्धित टोल विकास संस्थाको अध्यक्ष वा पदाधिकारीको रोहवरमा गर्ने गरि व्यवस्था मिलाउने ।

(ज) राहत वितरणका लागि कम्तिमा एकजना सुरक्षाकर्मी सहित तीन जनाको टिम परिचालन गर्ने ।

(झ) राहत वितरणमा खटिनेले कम्तीमा १ मीटरको SOCIAL DISTANCE सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने ।

(ञ) वितरण प्रणाली पूर्णत भिडभाड रहित ढंगले व्यवस्थापन गर्ने ।

(ट) वडामा संकलित सहयोगले वडामा राहत वितरण गर्न अपुग भएमा नगर प्रमुखसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने ।

७. यस कार्यविधी बमोजिम जिवननिर्वाहका लागि प्रदान गरिने राहत दफा ६ बमोजिम वितरण भएका व्यक्ती तथा परिवारको अभिलेख वडा गत रुपमा तथा नगरपालिका गत रुपमा क्रमशः अनुसुची ४ ,४(क) र ५ बमोजिम प्रकाशन गर्ने तथा तालुक निकायमा जानकारी पठाईनेछ ।

८. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु नगरपालिकाको प्रचलित कानून अनुसार हुनेछन् ।

९. कारवाही सम्बन्धी व्यवस्था : (क) यस कार्यविधीमा तोकीएको मापदण्ड पुरा नभएका व्यक्तीले झुट्टा विवरण पेश गरि राहत लिनु वा दोहोरो लिन हुदैन ।

(ख) यस कार्यविधीको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारीस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारीस गर्ने पदाधिकारीलाई निजले सिफारीस गरेको हदको रकमको दोब्बर रकम निजवाट नगरपालिकाले असुल उपर गर्नेछ ।

१०. यो कार्यविधिको व्यख्या, संसोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

११. संक्रमणको महामारी अन्त्य भएपछि यो कार्यविधि स्वत निष्कृय हुँनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (क) बमोजिम)

मिति : २०७६/१२/

श्रीमान् संयोजक ज्यू
वडास्तरीय राहत व्यवस्थापन तथा वितरण समिति,
थाहा नगरपालिका, वडा नं .........
........................................... ।

सम्भव भएमा फोटो टास्ने

*बिषय : राहत उपलब्ध गराई पाँउ भन्ने सम्बन्धमा ।*

उपरोक्त सम्बन्धमा म श्री .......................................................................को छोरा/छोरी....................................... यस थाहा नगरपालिकामा बसोवास गरिरहेको छु । म बिगत ........बर्ष देखि.....................काम गर्दै आएको छु । हाल बिश्वका बिभिन्न देशहरुमा द्रुत गतिमा फैलिरहेको नोभल कोरोना भाईरस ( कोभिड( १९) महामारीको संक्रमणबाट बच्न,न्यूनिकरण गर्न र नगरक्षेत्रभित्र फैलन नदिन नेपाल सरकार तथा थाहा नगरपालिकाको निर्णयानुसार लकडाउनको समयमा मेरो दैनिक ज्याला/मजदुरी ठप्प भएको र म लगायत मेरो ............ जना परिवारको दैनिक गुजाराका लागि खर्च जुटाउन मुस्किल परेकोले नियमानुसार राहत उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । निवेदक मार्फत निवेदनको पछाडी दैनिक ज्यालादारी वाहेक अन्य आयश्रोत नभएको र दोहोरो राहत नलिएको स्वः घोषणा गराउने ।

निवेदक श्री................................ले पेश गरेको निवेदन अनुसारको व्यहोरा सही सांचो हो । उक्त परिवारको दैनिक खानपानका लागि आवश्यक नियमानुसारको राहत सामाग्री उपलब्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध गर्दछु ।

हस्ताक्षर :..........................

नाम थर :..............................................

पद :..................................................

*निवेदक :*

नाम थर :.............................

हस्ताक्षर :.............................

वडा नं. :............................

टोल :.................................

पेशा :.................................

परिचाय खुल्ने कागज :

सम्पर्क नं. ...............................

टोल विकास संस्था समेतको सक्रियतामा विवरण संकलन भएको भएमा सोको पदाधिकारी समेतको सिफारीस ।

पदाधिकारीको नाम : .............................. पद : .........................

हस्ताक्षर : ..........................................

अनुसूची २

(कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (ख) बमोजिम)

थाहा नगरपालिका

वडा नं ......,

....................................

## राहत वितरणका लागि लाभग्राही छनौट सुची

| क्र.सं | राहत प्राप्तीका लागि छनौट व्यक्ती | ठेगाना र सम्पर्क नं | बाबुको नाम | बाजेको नाम | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

९२।२९

# अनुसूची ३

(कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (ङ) बमोजिम)

## व्यक्ती तथा परिवारले राहत सामाग्री बुझ्केको भरपाई

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले २०७६।१२।११ देखि लागु हुने गरि देशभर लकडाउन गर्ने गरि गरेको निर्णयका कारण दैनिक ज्यालादारी गरि परिवारको पालनपोषण गर्ने मैले ज्यालादारीको काम गर्न नपाएकोले मेरो परिवारको भरणपोषणका लागि थाहा नगरपालिकाले जारी गरेको कार्यविधि बमोजिम वडासमितिवाट उपलब्ध गराएको देहाय बमोजिम राहत सामाग्री बुझ्लिई यो भरपाई गरिदिए ।

राहत सामाग्री बुझ्नेको नाम, थर : ................................................

लकडाउन अधि गर्ने गरेको काम : ......................................................

स्थायी ठेगाना : ..............................................................................

हाल बसोवास गरेको ठेगाना : .......................................................

वडा नम्वर : ........... टोल /गाँउको नाम : ................................

परिवार संख्या : ................

बुझ्केको राहत सामाग्रीहरु :

| क्र.सं | राहत सामाग्री | परिमाण |
|---|---|---|
| १ | चामल | |
| २ | दाल | |
| ३ | नुन | |
| ४ | खानेतेल | |
| ५ | चिनी | |
| ६ | नुहाउने/हात धुने साबुन | |
| ७ | लुगा धुने सावुन | |

रोहवर :

वडा अध्यक्ष वा सदस्य :

श्री ......................................

टोल विकास समितिका अध्यक्ष वा सदस्य

श्री ..........................................

राहत सामाग्री बुझ्नेको सहिछाप :

मिति ....................................................... ।

अनुसूची ३(क)

(कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (ङ) बमोजिम)

# संस्थाले राहत सामाग्री बुझेको भरपाई

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले २०७६।१२।११ देखि लागु हुने गरि देशभर लकडाउन गर्ने गरि गरेको निर्णयका कारण यस .................................... संस्थामा सामुहिक रुपमा आश्रीत अति अशक्त, अपाङ्ग, दृष्टिविहिन लगायत लाई खानपिनको समस्या हुदै आएकोमा निजहरुको भरणपोषणका लागि थाहा नगरपालिकाले जारी गरेको कार्यविधि बमोजिम वडासमितिवाट उपलब्ध गराएको देहाय बमोजिम राहत सामाग्री बुझिलिई यो भरपाई गरिदिए ।

राहत सामाग्री बुझ्नेको नाम, थर र पद : ....................................................

आश्रीत संख्या : ..........................................................

ठेगाना : ................................................................

.बुझेको राहत सामाग्रीहरु :

| क्र.सं | राहत सामाग्री | परिमाण |
|---|---|---|
| १ | चामल | |
| २ | दाल | |
| ३ | नुन | |
| ४ | खानेतेल | |
| ५ | चिनी | |
| ६ | नुहाउने /हात धुने सावुन | |
| ७ | लुगा धुने सावुन | |

रोहवर :

राहत सामाग्री बुझ्नेको सहिछाप :

वडाअध्यक्ष वा सदस्य :

श्री .......................................

टोल विकास समितिका अध्यक्ष वा सदस्य

श्री ..............................................

मिति ........................................................ ।

अनुसूची ४
(कार्यविधिको दफा ७ बमोजिम)
थाहा नगरपालिका
वडा नं .......

..................................................

वडा मार्फत वितरण भएका राहतको अभिलेख

| क्र.सं | राहत प्राप्तीका लागि छनौट व्यक्ती | ठेगाना र सम्पर्क नं | बाबुको नाम | बाजेको नाम | परिवार संख्या | राहत प्याकेज नं | बुझिलिनेको सहि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रमाणित गर्ने :
वडा अध्यक्ष/संयोजक
वडास्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति

१५/२९

अनुसूची ५

(कार्यविधिको दफा ७ बमोजिम)

थाहा नगरपालिका

ईन्द्रायणी चौर ,मकवानपुर

नगरपालिका स्तरीय राहत वितरण प्रतिवेदन

| सि.न. | राहत प्राप्तीका लागि छनौट व्यक्ती | ठेगाना र सम्पर्क नं | बाबुको नाम | बाजेको नाम | परिवार संख्या | राहत प्याकेज नं | राहत वितरण भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणित गर्ने :

नगर प्रमुख/संयोजक

नगरस्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति